राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २५७ २०८३ वैशाख ८ गते मंगलवार (21 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## गृहमन्त्री गुरुङले लुकाए सेयर स्पष्टीकरणमा पनि बोले झुट



दैनिक समाचारदाता
काठमाडौं, ७ वैशाख । गृहमन्त्री सुधन गुरुङले सार्वजनिक गरेको सम्पत्ति विवरण नै विवादको विषय बनेको छ । उनले उल्लेख गरेको सयौँ रोपनी जग्गा हदबन्दीभन्दा बढी देखिएको छ भने त्यसको कानुनी अवस्थाबारे प्रश्न उठेको छ ।

सम्पत्ति विवरणमा गुरुङले ८९ तोला सुन, ६ किलो चाँदी तथा विभिन्न कम्पनीमा करोडौँ रुपैयाँ बराबरको सेयर लगानी देखाएका छन् । तर ती सम्पत्ति आर्जनको स्रोत स्पष्ट रूपमा खुलाइएको छैन । उनले व्यवसाय, पैत्रिक सम्पत्ति र लगानीबाट आर्जित भन्दै समग्र विवरण 'एकमुष्ट' रूपमा उल्लेख गरेका छन् ।

यसैबीच, उनले दुई वटा माइक्रो इन्स्योरेन्स कम्पनी–लिबर्टी माइक्रोलाइफ इन्स्योरेन्स र स्टार माइक्रोइन्स्योरेन्स–मा रहेको ५० हजार कित्ता संस्थापक सेयर (करिब ५० लाख रुपैयाँ) सम्पत्ति विवरणमा नदेखाएको तथ्य सार्वजनिक भएको छ । कम्पनी रजिस्ट्रारको कार्यालयको अभिलेखअनुसार गुरुङका नाममा दुवै कम्पनीमा २५-२५ हजार कित्ता सेयर रहेको देखिन्छ ।

सार्वजनिक पदमा रहेका व्यक्तिले सम्पत्ति विवरणमा यस्ता लगानी अनिवार्य रूपमा खुलाउनुपर्ने कानुनी व्यवस्था भए पनि उक्त विवरण नखुलाउनु नैतिक र कानुनी दुवै दृष्टिले प्रश्नको विषय बनेको छ ।

गुरुङले आफ्नो विवरणमा २ करोड ७४ लाख रुपैयाँ बराबरको धितोपत्र बजारमा कारोबार हुने सेयर रहेको उल्लेख गरेका छन् । तर ती सेयर कुन कम्पनीका हुन् भन्ने स्पष्ट गरिएको छैन । उनले पछि सामाजिक सञ्जालमार्फत दिएको स्पष्टीकरणमा भने उक्त लगानी ऋण लिएर गरिएको दाबी गरेका छन्, जुन सम्पत्ति विवरणमा उल्लेख गरिएको स्रोतसँग मेल खाँदैन ।यसबाहेक, उनले माइक्रोइन्स्योरेन्स कम्पनीका सेयर धितोपत्र बजारमै कारोबार हुने समूहभित्र परेको दाबी गरे पनि ती कम्पनीहरू अहिलेसम्म आईपीओमा नगएका र नेपाल स्टक एक्सचेन्जमा सूचीकृत नभएका कारण यस्तो दाबी तथ्यसँग मेल नखाने देखिएको छ ।

## रास्वपा मन्त्रीहरु एकपछि अर्को विवादमा

दैनिक समाचारदाता
काठमाडौँ ७ वैशाख । "जान्नेलाई छान्ने" नारा बोकेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकार गठन भएको एक महिना नपुग्दै आफ्नै मन्त्रीहरूका कारण लगातार विवादमा तानिएको छ। छोटो अवधिमै तीन मन्त्री विभिन्न प्रकरणमा मुछिँदा पार्टीको सुशासन र पारदर्शिताको दाबीमाथि प्रश्न उठ्न थालेको छ।







सबैभन्दा पहिले विवादमा तानिएका तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह पदबाटै बर्खास्त भएका छन्। चैत १३ गते मन्त्री बनेका साह दुई सातामै नियुक्ति विवादमा मुछिएपछि चैत २६ गते पद गुमाउन बाध्य भए। उनीमाथि स्वास्थ्य बिमा बोर्डमा आफ्नी पत्नीलाई निरन्तरता दिन दबाब दिएको आरोप लागेको थियो। सोही प्रकरणमा स्वास्थ्यमन्त्री निशा मेहतालाई पनि पार्टीले सचेत गराएको छ।

यता, यी विवाद सेलाउन नपाउँदै गृहमन्त्री सुधन गुरुङ नयाँ प्रकरणमा तानिएका छन्। उच्चस्तरीय पक्राउ कारबाहीमार्फत चर्चामा आएका गुरुङ आफैं विवादास्पद कारोबारीसँग सम्बन्धित कम्पनीमा सेयरधनी रहेको तथ्य सार्वजनिक भएपछि आलोचनाको केन्द्रमा परेका हुन्।

सम्पत्ति शुद्धीकरण अनुसन्धानका क्रममा पक्राउ परेका व्यवसायी दीपक भट्टसँग गुरुङको व्यावसायिक सम्बन्ध रहेको खुलासा भएपछि नैतिकता र पारदर्शितामाथि गम्भीर प्रश्न उठेको छ। सार्वजनिक विवरणअनुसार 'स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड' मा भट्ट, सुलभ अग्रवाल र गुरुङको साझेदारी देखिन्छ। गुरुङले उक्त कम्पनीमा २५ लाख रुपैयाँ बराबरको सेयर लगानी गरेको उल्लेख छ।

तर, गुरुङले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको सम्पत्ति विवरणमा उक्त लगानी नदेखिएको पाइएको छ। उनले अन्य दुई कम्पनीमा मात्रै आफ्नो सेयर उल्लेख गरेका थिए। यसले सम्पत्ति विवरण लुकाएको आरोपसमेत बलियो बनेको छ।

यसअघि फेवाताल जग्गा प्रकरणमा पनि गुरुङ विवादमा तानिएका थिए, तर उक्त विषय सेलाएको थियो। तर, पछिल्लो प्रकरण भने गम्भीर बन्दै गएको र यसबाट उम्किन सहज नहुने संकेत रास्वपाकै नेताहरूले दिएका छन्।

रास्वपाले एकपछि अर्को विवादमा आफ्ना मन्त्रीहरू मुछिँदै जाँदा सुशासन, पारदर्शिता र नैतिक राजनीतिका नाराहरू व्यवहारमा कति प्रभावकारी छन् भन्ने प्रश्न उठेको छ। सरकार गठन भएको छोटो समयमै देखिएको यो अवस्था पार्टीका लागि चुनौतीका रूपमा देखिएको छ।

## सरकारी विज्ञापनमा केन्द्र-प्रदेश टकराव

दैनिक समाचारदाता
काठमाडौँ ७ वैशाख । सरकारी विज्ञापनलाई सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र सीमित गर्ने संघीय सरकारको निर्णयमाथि प्रदेश सरकारहरूले चुनौती दिन थालेका छन्। यसको स्पष्ट संकेत कर्णाली प्रदेशले उक्त निर्णय कार्यान्वयन नगर्ने निर्णय गरेर दिइसकेको छ। केन्द्र सरकारको विज्ञापनसम्बन्धी परिपत्रपछि निजी सञ्चारमाध्यम तथा पत्रकारसम्बद्ध संघ-संस्थाहरूले चर्को विरोध जनाएका छन्। सूचना प्रवाह र प्रेस स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठेपछि कर्णाली प्रदेश सरकारले सो परिपत्र कार्यान्वयन नगर्ने निर्णय गरेको हो।



नेपालको संविधानको अनुसूची ६ र ७ ले प्रदेशलाई सञ्चारमाध्यम स्थापना तथा सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ। साथै, विज्ञापन करलगायतका कर तथा शुल्क लगाउने अधिकारसमेत प्रदेशलाई दिइएको छ। यस आधारमा प्रदेश सरकारहरूले संघको निर्णयलाई आफ्नो अधिकार क्षेत्रमा हस्तक्षेपका रूपमा लिएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चैत १८ गते सचिवस्तरीय निर्णयमार्फत सार्वजनिक निकायका सबै सूचना गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजनजस्ता सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रकाशन-प्रसारण गर्न परिपत्र जारी गरेको थियो। सो निर्णयविरुद्ध सञ्चार क्षेत्र आन्दोलित छ भने प्रदेश सरकारहरूले पनि असहमति जनाउन थालेका छन्।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालका अनुसार सचिवस्तरको निर्णय भएकाले प्रदेश सरकारहरू त्यसलाई मान्न बाध्य छैनन्। कर्णाली र गण्डकी प्रदेशले असहमति जनाइसकेका छन् भने कोशी र मधेश प्रदेश पनि निर्णयको तयारीमा रहेका छन्।

कर्णाली प्रदेश सरकारले विगतदेखि निजी सञ्चारमाध्यमलाई दिँदै आएको लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिने निर्णय गरेको छ। प्रदेश सरकारले विज्ञापन वितरणसम्बन्धी कार्यविधिअनुसार सञ्चारमाध्यमहरूबाट आवेदनसमेत माग गरेको छ।

यसैबीच, संघ सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भइसकेको छ। रिटमा उक्त निर्णयले अभिव्यक्ति स्वतन्त्रता कमजोर बनाउने दाबी गरिएको छ। अदालतले सरकारका नाममा कारण देखाउ आदेश जारी गर्दै अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा बोलाएको छ। सरकारी विज्ञापनसम्बन्धी यो विवादले संघीय संरचनामा अधिकारको सन्तुलन, प्रेस स्वतन्त्रता र सूचना प्रवाहको भविष्यबारे गम्भीर बहस सिर्जना गरेको छ।

## गण्डकी प्रदेशमा एक महिनामा ४४ सवारी दुर्घटना, २४ जनाको मृत्यु

दैनिक समाचारदाता
पोखरा ७ वैशाख । गण्डकी प्रदेशमा एक महिनामा ४४ सवारी दुर्घटना हुँदा २४ जनाको मृत्यु भएको छ । नेपाल प्रहरी अन्तर्गत राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पोखराले दिएको तथ्याङ्क अनुसार गत चैत महिनामा गण्डकी प्रदेशका विभिन्न राजमार्ग क्षेत्रमा ४४ वटा सवारी दुर्घटना हुँदा १८ पुरुष सहित २४ जनाको मृत्यु भएको हो । उक्त दुर्घटनामा परी ४ महिला र २ बालकको मृत्यु भएको छ भने ५० जना घाइते हुनुभएको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पोखराका प्रहरी निरीक्षक एवं नि.सूचना अधिकारी थानेश्वर चपाईले बताउनुभयो । तीव्र गति, मादक पदार्थ सेवन, चालकको असक्षमता, सडकको अवस्थाले गर्दा सडक दुर्घटना भएको उहाँको भनाई थियो । तीव्र गतिका कारण मात्रै २१ दुर्घटना भएका छन् भने मापसेका कारण ६ दुर्घटना भएको कार्यालयले जनाएको छ । ट्राफिक नियम उल्लङ्घन गर्ने १३ हजार ७ सय ९६ सवारी साधनमाथि कारबाही गर्दा १ करोड १९ लाख ८८ हजार रुपैयाँ राजस्व सङ्कलन भएको चैत महिनाको प्रगति विवरण सार्वजनिक गरिएको तथ्याङ्कमा उल्लेख छ । ट्राफिक प्रहरीले विभिन्न समुदाय तथा विद्यालयमा २ हजार ९ सय ७५ पटक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा करिब १ लाखभन्दा बढी नागरिक लाभान्वित भएको कार्यालयले जनाएको छ । विद्यालय, कलेज, चालक तथा सर्वसाधारणलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको हो ।

स्वतन्त्र प्रेस, सशक्त लोकतन्त्र

- अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधार हो,
- स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताको सम्मान गरौं,
- सञ्चारमाध्यमलाई दबाब, धम्की र हस्तक्षेपबाट मुक्त राखौं,
- सत्य, तथ्य र प्रमाणमा आधारित समाचारलाई प्राथमिकता दिऔं,
- गलत, भ्रामक, कुण्ठित भावना र अफवाहबाट टाढा रहौं,
- पत्रकारहरूको सुरक्षा र पेशागत स्वतन्त्रता सुनिश्चित गरौं,
- सूचना प्राप्त गर्ने जनताको अधिकारको सम्मान गरौं,
- प्रेसमाथि हुने आक्रमण र दमनको विरोध गरौं,
- सञ्चार क्षेत्रलाई पारदर्शी र जवाफदेही बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# सीमा भन्सार कडाई जनजीवनमा असर

नेपाल-भारत खुला सीमाको ऐतिहासिक यथार्थ केवल भूगोलको विषय होइन, यो दुई देशका जनताको जीवनशैली, संस्कार, अर्थतन्त्र र भावनात्मक सम्बन्धसँग गहिरोसँग गाँसिएको विषय हो । विशेषगरी मधेश क्षेत्रका बासिन्दाका लागि सीमा कुनै अवरोध होइन, बरु दैनिक जीवनको अभिन्न हिस्सा हो । यस्तै संवेदनशील परिवेशमा साना परिमाणका वस्तुहरूमा भन्सार शुल्क कडाइ गर्ने नेपाल सरकारको हालैको निर्णयले व्यापक बहस र असन्तुष्टि जन्माएको छ । राजनीतिक दल, युवा संगठन तथा सरोकारवालाहरूले यसलाई जनजीवनविपरीत र अदूरदर्शी कदमका रूपमा व्याख्या गरेका छन् ।

सरकारको तर्क स्पष्ट छ, राजस्व चुहावट नियन्त्रण, अवैध आयात निरुत्साहित गर्ने र भन्सार प्रणालीलाई व्यवस्थित बनाउने । तर, के साना परिमाणमा ल्याइने दैनिक उपभोगका वस्तुहरूमा कर कडाइ गर्नु नै समस्याको समाधान हो ? या यो निर्णयले सीमावर्ती क्षेत्रका सर्वसाधारणको दैनिकी झन् जटिल बनाउनेछ ?

मधेशका बासिन्दाका लागि सीमापार किनमेल कुनै विलासिता होइन, आवश्यकता हो । सस्तो, सहज र नजिकको बजारका कारण उनीहरू साना परिमाणमा दैनिक उपभोगका सामग्री ल्याउने गर्छन् । यस्तो व्यवहारलाई करको दायरामा कडाइका साथ ल्याउनु भनेको उनीहरूको जीवनशैलीमाथि प्रत्यक्ष हस्तक्षेप गर्नु हो । जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरदेखि समाजवादी युवा संघ र राष्ट्रिय मुक्ति पार्टी नेपालसम्मले यसै कारण यो निर्णयप्रति आपत्ति जनाएका छन् ।

यही सन्दर्भमा मधेश प्रदेशका डिआईजीद्वारा जारी निर्देशनले केही हदसम्म सन्तुलन खोज्ने प्रयास गरेको देखिन्छ । सर्वसाधारणले घरायसी प्रयोजनका लागि ल्याउने साना सामग्री नरोकिने र व्यापारिक उद्देश्यका सामानमा मात्र कडाइ गरिने नीति व्यवहारिक दृष्टिले स्वागतयोग्य छ । यसले कम्तीमा पनि तत्कालका लागि सर्वसाधारणको दैनिकीमा परेको दबाब घटाउने संकेत दिएको छ । तर, प्रश्न यतिमै सकिँदैन के यस्तो निर्देशन दीर्घकालीन समाधान हो ? कि यो केवल असन्तुष्टि मत्थर पार्ने अस्थायी उपाय ?

समस्या मूलतः नीतिको उद्देश्य र कार्यान्वयनबीचको दूरीमा छ । सरकारको लक्ष्य राजस्व वृद्धि र अवैध कारोबार नियन्त्रण हो भने त्यसका लागि ठूला तस्करी सञ्जाल, भन्सार छली र भ्रष्टाचारमाथि कडाइ गर्नु प्राथमिकता हुनुपर्छ। साना परिमाणका सामग्री बोकेका सर्वसाधारणलाई नियन्त्रण गरेर राज्यले न त उल्लेखनीय राजस्व बढाउन सक्छ, न त तस्करी नियन्त्रण नै ।

यसका साथै, खुला सीमाको विशेषतालाई ध्यानमा राख्दै लचिलो र यथार्थपरक नीति आवश्यक छ । सीमावर्ती क्षेत्रका बासिन्दाका लागि छुट्टै मापदण्ड, न्यूनतम कर सीमा वा निश्चित परिमाणसम्म कर छुट जस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ । यसले राज्यको राजस्व चासोलाई पनि सम्बोधन गर्छ र जनजीवनलाई पनि सहज बनाउँछ ।

अन्ततः, नीति निर्माण केवल कागजमा आधारित निर्णय होइन, यो जनजीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । मधेशको सामाजिक बनोट, आर्थिक अवस्था र सांस्कृतिक सम्बन्धलाई बेवास्ता गरेर बनाइएका नीतिहरू दीर्घकालीन रूपमा सफल हुन सक्दैनन् । सरकार, राजनीतिक दल र सरोकारवालाबीच संवाद, समन्वय र सहमति अपरिहार्य छ ।

यदि सरकार वास्तवमै सुधार चाहन्छ भने उसले साना उपभोक्तामाथि कडाइ होइन, प्रणालीगत कमजोरीमाथि प्रहार गर्नुपर्छ । अन्यथा, यस्तो नीति जनअसन्तुष्टिको कारण मात्र बन्नेछ र अन्ततः संशोधन वा खारेजीको दबाबमा पर्नु पर्नेछ ।

# अबको शिक्षा : प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी



गणेश जोशी

मानव सभ्यताको विकासक्रमसँगै शिक्षा प्रणालीले विभिन्न चरणहरू पार गरेको छ। कुनै समय शिक्षा केवल ज्ञान हस्तान्तरणको माध्यम थियो, पछि यसले सीप र दक्षता विकासमा जोड दियो र आधुनिक युगमा आएर शिक्षा प्रतिस्पर्धाको प्रमुख साधन बनेको देखिन्छ।

आजको विश्व परिवेशमा अधिकांश शिक्षा प्रणालीहरू विद्यार्थीलाई 'अरूभन्दा अगाडि कसरी जाने' भन्ने सोचमा केन्द्रित छन्। तर प्रश्न उठ्छ–के शिक्षा केवल प्रतिस्पर्धा जित्नका लागि हो कि जीवनलाई अर्थपूर्ण, सन्तुलित र समाजोपयोगी बनाउनका लागि ? यसै सन्दर्भमा 'अवको शिक्षाः प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी' भन्ने अवधारणा अत्यन्त सान्दर्भिक र आवश्यक देखिन्छ।

विश्व परिवेशमा हेर्दा विकसित राष्ट्रहरूमा समेत शिक्षा प्रणालीबारे पुनर्विचार भइरहेको छ। अत्यधिक प्रतिस्पर्धाले विद्यार्थीमा मानसिक तनाव, असन्तुलन र असन्तुष्टि बढाएको तथ्य विभिन्न अनुसन्धानहरूले देखाएका छन्। उच्च अंक ल्याउने दबाब, प्रतिष्ठित संस्थामा प्रवेशको होड र करियरमा अग्रता कायम गर्ने प्रतिस्पर्धाले धेरै युवालाई आन्तरिक रूपमा थकित बनाएको छ। यसकारण आज विश्वका केही शिक्षा प्रणालीहरूमा 'होलिस्टिक एजुकेशन', 'सोसियल-इमोशनल लर्निङ' र 'माइन्डफुलनेस' जस्ता अवधारणाहरूलाई प्राथमिकता दिन थालिएको छ। यी सबै प्रयासहरूको मूल उद्देश्य विद्यार्थीलाई केवल प्रतिस्पर्धी होइन, आत्मचेतनशील, सहानुभूतिशील र प्रेरणादायी व्यक्ति बनाउनु हो।

नेपालको सन्दर्भमा हेर्दा हाम्रो शिक्षा प्रणाली अझै पनि परीक्षा केन्द्रित र प्रतिस्पर्धात्मक प्रकृतिको छ। एसईई, प्लस टु, र उच्च शिक्षामा प्रवेशका लागि हुने प्रतिस्पर्धाले विद्यार्थीलाई सानै उमेरदेखि नै अंकको दौडमा धकेलिरहेको छ। अभिभावक, विद्यालय र समाजको अपेक्षाले विद्यार्थीलाई 'पहिलो हुनैपर्छ' भन्ने मानसिकता विकास गराएको छ। यसले गर्दा धेरै विद्यार्थीहरू आफ्नो वास्तविक रुचि, सिर्जनशीलता र आत्मपहिचानबाट टाढा भइरहेका छन्। शिक्षा प्राप्त गरे पनि उनीहरू आत्मविश्वासी, जिम्मेवार र समाजप्रति संवेदनशील नागरिक बन्न सकिरहेका छैनन्।

वर्तमान सामाजिक आयामलाई नियाल्दा शिक्षा र समाजबीचको सम्बन्ध पनि गहिरो रूपमा प्रभावित भएको देखिन्छ। बेरोजगारी, दक्ष जनशक्तिको अभाव, र विदेश पलायनजस्ता समस्याहरूले देखाउँछन् कि हाम्रो शिक्षा प्रणालीले व्यवहारिक र जीवनोपयोगी ज्ञान दिन सकिरहेको छैन। प्रतिस्पर्धामा केन्द्रित शिक्षाले विद्यार्थीलाई केवल 'जागिर खोज्ने' बनाउँछ, 'अवसर सिर्जना गर्ने' होइन। यसैले अबको शिक्षा प्रणालीले विद्यार्थीलाई प्रेरित गर्दै उनीहरूको आन्तरिक क्षमता र सिर्जनात्मकता उजागर गर्नुपर्छ।

आध्यात्मिक दृष्टिकोणबाट हेर्दा शिक्षा आत्मबोध र आन्तरिक शान्तिको माध्यम हुनुपर्छ। पूर्वीय दर्शनले सधैं 'विद्या'लाई आत्मज्ञानसँग जोडेको छ। वास्तविक शिक्षा त्यो हो जसले व्यक्तिलाई आफ्नो अस्तित्व, उद्देश्य र मूल्यहरूबारे सचेत बनाउँछ। यदि शिक्षा केवल बाह्य उपलब्धि र प्रतिस्पर्धामा सीमित रह्यो भने व्यक्तिले आन्तरिक सन्तुष्टि प्राप्त गर्न सक्दैन। ध्यान, योग, नैतिक शिक्षा र जीवनमूल्यहरूको समावेशले विद्यार्थीलाई सन्तुलित र प्रेरणादायी व्यक्तित्व बनाउन मद्दत गर्छ।

वैज्ञानिक दृष्टिकोणले पनि शिक्षा प्रणालीमा परिवर्तनको आवश्यकता औंल्याउँछ। आधुनिक मनोविज्ञान र न्यूरोसाइन्सले देखाएका छन् कि सिकाइ प्रक्रिया केवल तथ्य याद गर्ने होइन, अनुभव, भावनात्मक संलग्नता र सिर्जनात्मक सोचसँग सम्बन्धित हुन्छ। जब विद्यार्थीलाई डर र दबाबमा राखिन्छ, तब उनीहरूको मस्तिष्क सिक्न कम सक्षम हुन्छ। तर प्रेरणादायी वातावरणमा विद्यार्थीले स्वतः जिज्ञासा राख्छन्, प्रश्न सोध्छन् र नयाँ कुरा खोज्न उत्साहित हुन्छन्। यसैले शिक्षामा 'इन्क्वायरी-बेस्ड लर्निङ', 'प्रोजेक्ट-बेस्ड लर्निङ' जस्ता विधिहरू अपनाउनु आवश्यक छ।

व्यावहारिक पक्षबाट हेर्दा शिक्षा जीवनसँग प्रत्यक्ष जोडिनुपर्छ। विद्यार्थीले कक्षामा सिकेका कुरा वास्तविक जीवनमा प्रयोग गर्न सक्ने हुनुपर्छ। कृषि, उद्यमशीलता, प्रविधि, र सामाजिक सेवाजस्ता क्षेत्रहरूमा आधारित शिक्षाले विद्यार्थीलाई आत्मनिर्भर र समाजोपयोगी बनाउँछ। साथै, सहकार्य र नेतृत्व जस्ता सीपहरू पनि अत्यन्त महत्वपूर्ण छन्। प्रतिस्पर्धात्मक शिक्षा प्रणालीले सहकार्यभन्दा व्यक्तिगत सफलता प्राथमिकता दिन्छ, तर प्रेरणादायी शिक्षा प्रणालीले 'हामी'को भावना विकास गर्छ।

अबको शिक्षाले कस्तो जनशक्ति निर्माण गर्नुपर्छ भन्ने प्रश्नमा स्पष्ट उत्तर छ–प्रेरणादायी जनशक्ति। यस्तो जनशक्ति जसले आफू मात्र होइन, अरूलाई पनि अगाडि बढ्न प्रेरित गर्छ। जसमा सहानुभूति, नैतिकता, सिर्जनशीलता र जिम्मेवारीको भावना हुन्छ। यस्तो व्यक्ति समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्षम हुन्छ। प्रतिस्पर्धी जनशक्ति केवल सीमित अवसरका लागि लड्छ, तर प्रेरणादायी जनशक्ति नयाँ अवसर सिर्जना गर्छ।

यसका लागि शिक्षा प्रणालीमा नीतिगत, संरचनात्मक र व्यवहारिक सुधार आवश्यक छ। पाठ्यक्रमलाई जीवनोपयोगी बनाउनुपर्छ, मूल्याङ्कन प्रणालीलाई केवल अंकमा सीमित नराखी समग्र विकासमा आधारित बनाउनुपर्छ। शिक्षकलाई केवल ज्ञान दिने होइन, प्रेरणा दिने मार्गदर्शकका रूपमा विकास गर्नुपर्छ। अभिभावक र समाजले पनि सफलता र असफलताको परिभाषा पुनःनिर्धारण गर्न आवश्यक छ।

अन्ततः, शिक्षा केवल प्रतिस्पर्धाको माध्यम होइन, जीवन निर्माणको आधार हो। यदि हामीले शिक्षालाई प्रेरणादायी बनाउन सकेनौं भने हामीले केवल दक्ष तर असन्तुष्ट व्यक्तिहरू उत्पादन गर्नेछौं। तर यदि शिक्षा प्रेरणादायी बन्यो भने हामीले सन्तुलित, सृजनशील र जिम्मेवार नागरिक पाउनेछौं, जसले राष्ट्र र विश्वलाई सकारात्मक दिशामा अगाडि बढाउनेछ। त्यसैले अबको शिक्षा प्रतिस्पर्धात्मक होइन, प्रेरणादायी हुनु अपरिहार्य छ।

*(लेखकः धनगढी, कैलालीस्थित चैतन्य पाठशालाका अध्यक्ष हुन्।)*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# 'लु' को जोखिम बढ्दै, बच्ने कसरी ?



काठमाडौं ७ वैशाख । केही दिनयता देशका अधिकांश स्थानमा तापक्रम वृद्धि हुँदा अत्यधिक गर्मी बढेको छ । यससँगै तराईका जिल्लामा तातो हावा (लु) चल्ने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण छ ।

विभागले आज दिउँसो सार्वजनिक गरेको तथ्याङ्कअनुसार कपिलवस्तुमा ४१ डिग्री सेल्सियस र बाँकेमा ३९ डिग्री सेल्सियस तापक्रम पुगेको छ । मधेस प्रदेशलगायत बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र तथा उपत्यका र खोँचहरूमा दिन तातो भएको, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका पश्चिमी तराई क्षेत्रमा 'लु' चल्ने सम्भावना रहेको विभागले जनाएको छ । पछिल्लो सूचनामा अद्यावधिक रहन तथा आवश्यक सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।

विभागका मौसमविद् सञ्जिव अधिकारीले विशेषगरी तराईका जिल्लामा बुधबारसम्म अत्यधिक गर्मीको अवस्था कायम रहने जानकारी दिए । 'आजदेखि पर्सि बुधबार सम्म विशेषगरी तराई, उपत्यका र खोँच क्षेत्रमा तातो हावाको लहर चल्ने सम्भावना छ', उनले भने, "कोशी प्रदेशमा भने बादल देखिएकाले 'लु' को सम्भावना तत्काल कम छ । विशेषगरी लुम्बिनी प्रदेशको पश्चिम क्षेत्र, धनगढीलगायत सुदूरपश्चिमका अन्य तराई जिल्ला, नेपालगञ्ज, धनगढीलगायत स्थानमा 'लु' को सम्भावना बढी छ ।'

सुदूरपश्चिमको दिपायलमा आज दिउँसो तापक्रम करिब ४० डिग्री सेल्सियस पुगेको उल्लेख गर्दै उनले त्यहाँका लागि यो तापक्रम असामान्य भएको बताए । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका वरिष्ठ 'हाइड्रोलोजिस्ट' राजेन्द्र शर्माले जलवायु परिवर्तनसँगै 'लु' जस्ता मौसमी घटना बढ्दै जाने भएकाले समयमै तयारी र सचेतना बढाउन आग्रह गरे ।

"लु को प्रभाव न्यूनीकरणका लागि हामीले कार्यविधि बनाएर कार्यान्वयनका लागि सम्बन्धित अन्तरसरकारी निकायमा पठाएका छौं, प्रभावकारी कार्यान्वयनका लागि आवश्यक छलफल पनि गरिरहेका छौं", उनले भने ।

"समयमै चिसो वातावरण कायम गर्ने, सफा तथा स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्ने, बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र बिरामीहरूको विशेष हेरचाह गर्ने उपायहरू अपनाउनु पर्छ", उनले भने, "यसैगरी अस्पताल, विद्यालय तथा सार्वजनिक स्थानहरूमा आवश्यक पूर्वसावधानीको व्यवस्था मिलाउनु पनि उत्तिकै महत्वपूर्ण छ ।"

*स्वास्थ्यमा कस्तो असर पर्छ ?*

जनस्वास्थ्यविद् डा समीर अधिकारीले 'लु' लाग्दा हृदयको गति तीव्र हुने, श्वासप्रश्वास र रक्तचाप घट्ने, टाउको अत्यधिक दुख्ने, आँखा पोल्ने, चक्कर लाग्ने तथा अचेत हुने जस्ता समस्या देखिन सक्ने बताए । "लु ले दीर्घकालीन असरसमेत पुऱ्याउन सक्छ, मस्तिष्क तथा रक्तप्रणालीमा समस्या गर्न सक्छ", उनले भने, "बालबालिका र वृद्ध उमेरका समूहलाई सबैभन्दा बढी असर गर्न सक्छ । पर्याप्त पानी पिउने, शीतल छहारीमा बस्ने, मदिरा तथा धूम्रपान गर्नुहुँदैन ।"

यसैगरी शरीरको तापक्रम १०४ डिग्री फरेनहाइटभन्दा बढी पुग्ने, छाला सुख्खा, रातो र तातो हुने लक्षण पनि देखिन सक्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । बालरोग विशेषज्ञ डा. रामहरि चापागाईंले 'लु' चल्दा वा अत्यधिक गर्मीको समयमा बालबालिकाको स्वास्थ्यमा असर पुग्न सक्ने हुँदा उच्च सतर्कता अपनाउन सुझाव दिए ।

विश्व स्वास्थ्य सङ्गठनले गरेको "नेपालमा तातो हावाको लहरको प्रवृत्ति र यसबाट उत्पन्न स्वास्थ्य जोखिमबारे जनधारणाको अध्ययन"ले जलवायु परिवर्तनका कारण गर्मीजन्य समस्या बढेको निष्कर्ष निकालेको छ । अध्ययनअनुसार जलवायु परिवर्तन, तीव्र सहरीकरण र वायु प्रदूषणका कारण तापक्रम बढ्ने प्रवृत्ति निरन्तर बढेको हो । यसले मानव स्वास्थ्यसँगै अन्य क्षेत्रमा पनि नकारात्मक असर पारिरहेको छ ।

देशभरका ३३ वटा मौसम स्टेसनबाट सन् १९८७ देखि २०१६ सम्मको तथ्याङ्क विश्लेषण गर्दा गर्मी दिनको सङ्ख्या बढ्दै गएको छ । विशेषगरी देशको दक्षिणी भूभागमा गर्मी रातहरू, प्रि-मनसुन तथा मनसुन अवधिमा वर्षा हुने ढाँचामा परिवर्तन आएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । अध्ययनअनुसार बढ्दो तापक्रमसँग जुध्न जनचेतना अभिवृद्धि, स्वास्थ्य सुरक्षा उपायको विस्तार र स्थानीय तहमा अनुकूलन रणनीति सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

*कृषिमा असर, उत्पादन घट्ने जोखिम*

अत्यधिक तापक्रम वृद्धिले कृषि र पशुपालन क्षेत्रमा पनि असर गर्न सक्ने जनाइएको छ । कृषि विज्ञ डिल्लीराम शर्माका अनुसार अत्यधिक गर्मी तथा 'लु' का कारण कृषि उत्पादनमा गम्भीर असर पर्न सक्छ । 'लु' का कारण विशेषगरी बालीहरू सुक्न थाल्ने, फूल झर्ने र फलफूल राम्रोसँग नलाग्ने समस्या हुने र यसले किसानलाई आर्थिक नोक्सानी पुऱ्याउन सक्ने उनले बताए ।

"तरकारीमा फूल वा फल लाग्ने बेला लु लागेमा वृद्धि रोकिन्छ, राम्रो उत्पादन हुँदैन", उनले भने, "यतिबेला कतिपय स्थानमा मकैमा दाना लाग्न सुरु भइसकेको छ, मकैमा दाना लागे पनि पोटिलो नहुने भएकाले उत्पादनमा कमी आउन सक्छ ।"

प्लास्टिक टनेल (पोलिहाउस) भित्र खेती गर्दा भने जोखिम न्यूनीकरणमा सहयोग पुग्ने उनले सुझाव दिए । कृषि तथा पशुपालन क्षेत्र जलवायु परिवर्तनको प्रत्यक्ष असरमा पर्ने भएकाले यस्ता जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाको भनाइ छ । विज्ञहरूले गर्मीको समयमा सिँचाइ व्यवस्थापन सुधार, छायाँ तथा पानीको उचित व्यवस्था, पशु स्वास्थ्यमा ध्यान र जलवायु अनुकूल कृषि अभ्यास अपनाउन सुझाव दिएका छन् ।

*कसरी जोगिने ?*

प्राधिकरणले 'लु' बाट जोगिन दिउँसो सकेसम्म घरबाहिर ननिस्कन, प्रशस्त पानी तथा फलफूलको रस पिउन, अत्यधिक पसिना आएमा 'जीवनजल' सेवन गर्न सुझाव दिएको छ । बाहिर निस्कनै परे टाउको छोप्ने, छाता प्रयोग गर्ने, चिसो पानीले नुहाउने तथा खेतबारीमा बिहान वा बेलुका मात्र काम गर्न सल्लाह दिएको छ ।

यसका साथै मदिरा सेवन नगर्न, क्याफिनयुक्त पेय पदार्थ ( चिया, कफी, सोडा) कम प्रयोग गर्न र चिनी बढी भएको झोल पदार्थ नपिउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आग्रह गरेको छ ।

*के हो लु ?*

अत्यधिक गर्मी वा तातो हावाको लहरका लागि पूर्वतयारी, पूर्वकार्य तथा शीघ्र प्रतिकार्य कार्ययोजनाका अनुसार अत्यधिक गर्मीका कारण सिर्जना हुने मौसमी अवस्थालाई तातो हावाको लहर (लु) भनिन्छ । नेपालको सङ्घीय तथा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा यसलाई 'तातो हावाको लहर' भनेर उल्लेख गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार चैतदेखि भदौ महिनासम्मको अवधिमा तापक्रमका आधारमा तातो दिनहरू छुट्याइन्छन् । अधिकतम तापक्रम विगत ३० वर्षको ९० प्रतिशतभन्दा माथि पुगेमा त्यसलाई तातो दिन भनिन्छ । कार्यविधिमा भनिएको छ, "जब लगातार तीन वा बढी दिनसम्म तातो दिन रहन्छ भने हल्का तातो लहर, धेरै तातो दिनको अवस्था रहेमा मध्यम तातो लहर र अत्यधिक तातो दिन भइरहे अत्यधिक तातो लहरको रूपमा वर्गीकृत गरिन्छ ।"रासस



- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

# जापानमा ७.४ म्याग्निच्युडको भूकम्प, सुनामी चेतावनी

टोकियो, ७ वैशाख । उत्तरी जापानमा सोमबार ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएपछि जापान मौसम विज्ञान एजेन्सी (जेएमए)ले तीन मिटरसम्म अग्ला सुनामी छाल आउन सक्ने चेतावनी जारी गरेको छ । भूकम्पलगत्तै तटीय क्षेत्रका बासिन्दालाई तत्काल सुरक्षित स्थानमा सर्न निर्देशन दिइएको छ ।

स्थानीय समय अनुसार साँझ ४:५३ बजे इवाटे प्रान्तको प्रशान्त महासागर तटीय क्षेत्रमा केन्द्रित भएर गएको भूकम्पको धक्का राजधानी टोकियोसम्म महसुस गरिएको थियो । टोकियोका अग्ला भवनहरू हल्लिएको विवरण सार्वजनिक भएका छन् ।

जेएमएका अनुसार प्रारम्भिक सुनामी छाल उत्तरी तटीय क्षेत्रमा छिट्टै आइपुग्न सक्ने जोखिम रहेको छ । यसैकारण तटीय तथा नदी किनारमा बसोबास गर्ने सर्वसाधारणलाई उच्च भूभाग वा सुरक्षित निकासी भवनतर्फ जान आग्रह गरिएको छ । एजेन्सीले सुनामी छाल एकपटक मात्र नभई पटक-पटक आउन सक्ने सम्भावना औंल्याउँदै चेतावनी पूर्ण रूपमा नहटेसम्म सुरक्षित स्थान नछोड्न आग्रह गरेको छ ।

जापान सरकारको प्रधानमन्त्री कार्यालयले आपतकालीन अवस्था व्यवस्थापन टोली गठन गरेको जनाएको छ । सम्बन्धित निकायहरूले अवस्थाको निरन्तर निगरानी गरिरहेका छन् ।

प्रशान्त महासागरको 'रिङ अफ फायर' क्षेत्रमा पर्ने जापान विश्वकै उच्च भूकम्पीय जोखिमयुक्त देशमध्ये एक हो । चार प्रमुख टेक्टोनिक प्लेटको सङ्गमस्थलमा अवस्थित यस देशमा बारम्बार भूकम्प जाने गर्दछ । करिब १२ करोड ५० लाख जनसङ्ख्या रहेको जापानमा वार्षिक औसत करिब १,५०० भूकम्पीय धक्का महसुस हुने गर्दछ, जुन विश्वका कुल भूकम्पमध्ये करिब १८ प्रतिशत हो ।

यसअघि सन् २०११ मा ९.० म्याग्निच्युडको विनाशकारी भूकम्पले ठूलो सुनामी निम्त्याउँदै करिब १८ हजार ५०० जनाको मृत्यु वा बेपत्ता भएको थियो । उक्त घटनाले जापानको विपद् व्यवस्थापन प्रणालीमा गहिरो प्रभाव पारेको थियो ।

हालको भूकम्पपछि पनि सम्भावित जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले उच्च सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेका छन् । (रासस/एएफपी)

# मलेसियामा भीषण आगलागी, हजारौँ विस्थापित

क्वालालम्पुर,७ वैशाख । मलेसियाको बोर्नियो टापुको तटीय बस्तीमा आइतबार बिहान भएको भीषण आगलागीले ठूलो मानवीय सङ्कट निम्त्याएको छ । समुद्रमाथि काठका खम्बामाथि बनाइएका घना घरमा लागेको आगो तीव्र गतिमा फैलिँदा करिब एक हजार घर पूर्णरूपमा नष्ट भएका छन् भने नौ हजारभन्दा बढी बासिन्दा विस्थापित भएका छन् ।

अग्नि तथा उद्धार विभागका अनुसार आगलागी सबाह राज्यअन्तर्गत सन्दकन जिल्लाको एक तटीय 'पानी गाउँ' मा सुरु भएको थियो । काठ र अन्य ज्वलनशील सामग्रीबाट बनेका घर एक आपसमा अत्यन्तै नजिक भएकाले आगो छिट्टै फैलिएको थियो । समुद्रमाथि खम्बामा उभ्याइएका संरचनामा फैलिएको आगो नियन्त्रण गर्न उद्धारकर्मीलाई निकै कठिनाइ परेको जनाइएको छ ।

अधिकारीका अनुसार तीव्र हावा र घरको घनत्वले आगो फैलिन झन् सहयोग पुगेको थियो । साथै, प्रभावित क्षेत्रमा पुग्ने बाटो साँघुरो हुनु र ज्वारभाटाको असरका कारण पानीको सतह घट्दा उद्धार तथा नियन्त्रण कार्यमा थप समस्या उत्पन्न भएको थियो । घटनामा हालसम्म कुनै मानवीय क्षतिको पुष्टि भएको छैन । तर हजारौं स्थानीयवासी आफ्नो बासस्थान गुमाएर विस्थापित भएका छन् र उनीहरूलाई अस्थायी शिविरमा सारिएको छ ।

स्थानीय प्रशासनले राहत तथा पुनः स्थापनाका लागि काम अघि बढाएको जनाएको छ । सबाह क्षेत्रमा पाइने यस्ता 'पानी गाउँ' हरू प्रायः गरिब तथा सीमान्तकृत समुदायको बसोवास क्षेत्र मानिन्छन् । समुद्रमाथि बनाइएका यी अनौपचारिक बस्तीमा पूर्वाधारको अभाव, असुरक्षित आवास संरचना र भीडभाडका कारण आगलागीको जोखिम उच्च रहने गरेको छ । त्यहाँ बसोवास गर्ने धेरै मानिस न्यून आय भएका, आदिवासी समुदायका वा औपचारिक नागरिकता नभएका व्यक्ति हुने गर्छन् ।

स्थानीय गाउँ प्रमुख सरिफ हासिम सरिफ इटिंका अनुसार प्रारम्भिकरूपमा खाना पकाउने क्रममा लागेको आगो नियन्त्रण बाहिर गएको हुन सक्ने अनुमान गरिएको छ । यद्यपि आगलागीको वास्तविक कारणबारे अनुसन्धान जारी रहेको अधिकारीहरूले बताएका छन् । प्रधानमन्त्री अनवर इब्राहिमले विस्थापित परिवारलाई केन्द्रमा राखेर सङ्घीय र राज्यस्तरीय निकायले राहत तथा उद्धार कार्य समन्वय गरिरहेको जानकारी दिनुभयो ।

उहाँले प्रभावितलाई आवश्यक सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । सबाहका यस्ता तटीय बस्तीमा विगतमा पनि पटक-पटक आगलागीका घटना हुने गरेका छन् । स्थानीय अधिकारीले यस्ता क्षेत्र उच्च जोखिममा रहेको स्वीकार गर्दै आए पनि संरचनागत सुधार र सुरक्षित बसोवास व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । यस पटकको आगलागीले पुनः एक पटक त्यस्ता बस्तीको असुरक्षा र दीर्घकालीन समाधानको आवश्यकता उजागर गरेको छ । रासस/एपी

# इनरुवामा अन्तर्राष्ट्रिय कुस्ती भव्य रूपमा सम्पन्न



दैनिक समाचारदाता
इनरुवा, ७ वैशाख । सुनसरीको इनरुवामा आयोजित तेस्रो मदन भण्डारी स्मृति अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ । नेपालसहित भारत, भुटान र दक्षिण कोरियाका खेलाडीहरूको सहभागिताले प्रतियोगिता रोमाञ्चक बनेको थियो ।

डा. बसन्त स्मृति योग समिति, इनरुवा-२ सुनसरीको आयोजनामा सञ्चालित प्रतियोगितामा दुई दिनसम्म विभिन्न समूहमा प्रतिस्पर्धा भएको थियो । प्रतियोगिताको पहिलो दिन १० समूहका खेल सम्पन्न भएका थिए भने दोस्रो दिन आइतबार थप खेलहरू आयोजना गरिएको थियो ।

प्रतियोगितामा भुटानका चिमचिम डोगरा पहलवानले उत्कृष्ट प्रदर्शन गर्दै भारतीय खेलाडी सन्दीप राना र प्रदीप शास्त्रीलाई पराजित गरेका थिए । उनको प्रदर्शन प्रतियोगिताको प्रमुख आकर्षण बनेको थियो ।

अन्तिम दिन सोमबार विभिन्न १४ समूहमा प्रतिस्पर्धा भएको आयोजकले जनाएको छ । यसमा भुटान र दक्षिण कोरियाबीच पुरुषतर्फ दुई समूहका खेलमा दुवै देशले एक-एक जित निकाले । त्यस्तै, भारत र भुटानबीच पनि दुई खेलमा एक-एक जित बराबरी भयो ।

महिलातर्फ नेपाल र भारतबीच पाँच समूहमा भएको प्रतिस्पर्धामा नेपालले तीन खेल जित्दै वर्चस्व कायम गर्‍यो भने भारतले दुई खेल जितेको थियो । पुरुषतर्फ नेपाल र भारतबीच पाँच समूहमा भएको खेलमा भने भारतले चार खेल जित्दा नेपालले एक खेलमा मात्र सफलता हासिल गर्‍यो ।

आयोजक समितिका अध्यक्ष सत्यनारायण मेहताका अनुसार प्रतियोगितामा विजेता तथा उपविजेता खेलाडीहरूलाई नगद पुरस्कार प्रदान गरिएको छ । प्रतियोगिताले इनरुवामा खेलकुदप्रतिको उत्साह बढाएको आयोजकको विश्वास छ ।

# खाडीका १२ देशमा श्रम स्वीकृति पुनः खुला



दैनिक समाचारदाता
काठमाडौं, ७ वैशाख । सरकारले खाडी तथा पश्चिम एसियाका १२ देशमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति पुनः खुला गरेको छ । इजरायल-अमेरिका र इरानबीचको युद्धका कारण गत २०८२ फागुन १७ गतेदेखि ती देशमा श्रम स्वीकृति स्थगन गरिएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रीस्तरीय निर्णयमार्फत साउदी अरब, संयुक्त अरब इमिरेट्स (यूएई), कतार, कुवेत, बहराइन, ओमान, इराक, जोर्डन, लेबनान, यमन, टर्की र इजरायलका लागि श्रम स्वीकृति खुला गरेको जनाएको छ ।

मन्त्रालयका अनुसार इराकको हकमा भने २०८२ पुस ११ गते मन्त्रिपरिषद्बाट भएको निर्णय बमोजिम प्रक्रिया अघि बढाइनेछ । अन्य देशका लागि व्यक्तिगत, संस्थागत तथा वैधानिकीकरण (रेगुलराइजेसन) सम्बन्धी सबै प्रकारका श्रम स्वीकृति पूर्ववत् रूपमा सञ्चालन हुने जनाइएको छ ।

परराष्ट्र मन्त्रालय अन्तर्गतको उच्चस्तरीय आपत्कालीन प्रतिकार्य कार्यदल (ईआरटी)ले खाडी तथा पश्चिम एसियाली देशहरूमा श्रम स्वीकृति खुला गर्न सिफारिस गरेपछि सो निर्णय कार्यान्वयनमा आएको हो । परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकत्वमा बसेको कार्यदलको बैठकले ती सबै श्रम गन्तव्य मुलुकहरू पुनः खुला गर्न उपयुक्त रहेको निष्कर्ष निकालेको थियो ।

यसअघि क्षेत्रीय तनाव र युद्धका कारण ती देशहरूमा रहेका नेपाली श्रमिकको सुरक्षालाई ध्यानमा राख्दै सरकारले श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति स्थगन गरेको थियो । अहिले अवस्था सामान्य हुँदै गएको मूल्याङ्कनपछि सरकारले पुनः श्रम स्वीकृति खुला गरेको हो ।

# निर्वाचनले अवसर र चुनौती दुवै दियो : सभापति थापा




दैनिक समाचारदाता
मकवानपुर ७ वैशाख । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले फागुन २१ गते सम्पन्न निर्वाचनले पार्टीलाई अवसर र चुनौती दुवै प्रदान गरेको बताउनुभएको छ ।

सोमबार हेटौँडामा आयोजित बागमती प्रदेश स्तरीय निर्वाचन समीक्षा कार्यक्रममा उहाँले हारजितलाई स्वाभाविक प्रक्रिया भन्दै अब काँग्रेसले राष्ट्रिय राजनीतिमा आफ्नो स्थान मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो ।

भविष्यमा आफूमाथि समेत अनुसन्धान भए कानुनअनुसार प्रक्रिया अघि बढ्न दिनुपर्ने भन्दै उहाँले कसैले पनि पार्टी सभापतिमाथि अनुसन्धान गर्न नदिने भनाइ राख्न नहुने स्पष्ट पार्नुभयो ।

सभापति थापाले राज्य र व्यक्तिले समान रूपमा कानुन पालना गर्नुपर्ने धारणा व्यक्त गर्दै गौरीबहादुर कार्की आयोग को प्रतिवेदन अपूर्ण, बदनियतपूर्ण र प्रतिशोधयुक्त रहेको बताउनुभयो ।

पार्टीका महामन्त्री प्रदीप पौडेलले काँग्रेसलाई बलियो बनाउन रूपान्तरण आवश्यक रहेको बताउनुभयो ।

अर्का महामन्त्री गुरुराज घिमिरेले सर्वोच्च अदालतको फैसलाले पार्टीभित्र महाधिवेशनको सर्वोच्चता स्थापित गरेको धारणा राख्नुभयो ।

बागमती प्रदेश कार्यसमितिको व्यवस्थापनमा आयोजित कार्यक्रममा प्रदेशका ३३ वटै क्षेत्रका उम्मेदवार र जिल्ला सभापतिहरूले आफ्नो धारणा राख्नुभएको थियो ।

# रौतहटमा एक महिनामा ११४ सवारी दुर्घटना, तीन जनाको मृत्यु

रौतहट, ७ वैशाख । रौतहट जिल्लाका विभिन्न स्थानमा एक महिनाको अवधिमा ११४ वटा सवारी दुर्घटना भएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटको तथ्यांक अनुसार गत चैत महिनामा मात्रै जिल्लाका विभिन्न ठाउँमा ११४ वटा सवारी दुर्घटना भएका हुन् । ती दुर्घटनामा तीन जनाको मृत्यु भएको छ ।

सवारी दुर्घटनामा १६९ वटा सवारीसाधन संलग्न रहेको, तीन जनाको मृत्यु भएको, १७८ जना घाइते भएको तथा १७८ जनाको प्रहरीद्वारा उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद वस्यालले जानकारी दिनुभयो ।

उहाँका अनुसार चालकको लापरबाहीका कारण ८७ वटा, सवारी साधनको कारण १ वटा तथा पैदल यात्रीको कारण २६ वटा गरी कुल ११४ वटा दुर्घटना भएका हुन् ।

त्यसैगरी ट्राफिक नियम उल्लङ्घन गरी सवारी चलाउने एक हजार ११० जना चालकलाई कारबाही गरी ११ लाख ५३ हजार रुपियाँभन्दा बढी जरिवाना असुल गरिएको पनि उहाँले बताउनुभयो ।

सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी कार्यालय र नेपाल प्रहरीले समय-समयमा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । साथै जिल्ला सदरमुकाम गौर-चन्द्रपुर सडक खण्ड, पूर्व-पश्चिम राजमार्ग, गौर-पिपरा सडक खण्डलगायत विभिन्न स्थानमा ट्राफिक चेकजाँच कडाइ गरिएको र नियम उल्लङ्घन गर्ने चालकलाई कानुनअनुसार कारबाही गरिँदै आएको प्रवक्ता वस्यालले जानकारी दिनुभयो ।


यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२



## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४